स्थानीय सरकार

हेलम्बु गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७८/०६/३१ गते, आईतबार)

यस गाउँ कार्यपालिकाको कार्यालयको लागि आवश्यक भएको तपशिल बमोजिमको सवारी साधन Double cap pick up (एक थान) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख. र हेलम्बु गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३४ बमोजिम त्यस्तो सवारी उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरुबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख. को उपनियम (२) र हेलम्बु गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३४ को उपनियम (२) अनुसार देहाय बमोजिमको सवारी साधनका उत्पादक वा सो कम्पनीको विक्रेता तोकेको अधिकारिक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतीपत्र, सो को अद्यावधिक नवीकरण भएको पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मुल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले आठौं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख. र हेलम्बु गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३४ बमोजिम प्रस्ताव आव्हान गरिएको छ ।

<u>तपसिलः</u>

| क्र. सं. | साधनको नाम | संख्या | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | 4 wheel Drive Double Cab Pickup | (एक थान) | 4 WD Double Cab Pickup, Power not less than 60hp and Torque not less than 190 Nm | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । स्वीकृत technical Specification कार्यालयको आधिकारिक website : www.helambumun.gov.np मा राखिएको छ। |

- पेश गर्ने दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिनेछ ।
- थप आवश्यक जानकारीको लागि यस कार्यालयको वेवसाईट www.helambumun.gov.np वा सम्पर्क नं ९८६१३९१०४० मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत